# एकल महिला उद्यमशिलता विकास कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०८०

उद्यम व्यवसाय गर्न चाहने एकल महिलालाई सीप, क्षमता र योग्यताका आधारमा उनीहरुको आवश्यकता र चाहना बमोजिमको सीप प्रदान गरी उद्यमी/व्यवसायी बनाउन सामाजिक विकास मन्त्रालयको चालु आ.व. २०८०/८१ को लागि विनियोजन ऐनद्वारा स्वीकृत बजेटबाट कार्यक्रम सञ्चालन कोशी प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो मार्गदर्शन स्वीकृत गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>

यो मार्गदर्शनको नाम "एकल महिला उद्यमशिलता विकास कार्यक्रम(सञ्चालन) मार्गदर्शन, २०८०" रहेको छ ।यो मार्गदर्शन सामाजिक विकास मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

२. <u>एकल महिलाको परिभाषा</u>

यस कार्यक्रमको उद्देश्य हासिल गर्ने प्रयोजनको लागि "एकल महिला" भन्नाले उद्यम व्यवसाय गर्न चाहने देहायका महिला सम्झनुपर्नेछः-

क) सम्बन्ध विच्छेद गरेकी महिला,

ख) विधवा,

ग) पैंतिस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला,

घ) पाँच वर्ष भन्दा बढी समयदेखि पति हराई वा बेपत्ता भएकी महिला,

ङ) अंशवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला।

३. <u>कार्यक्रमको उद्देश्य</u>

एकल महिलालाई सीप विकास तालिमका माध्यमबाट आत्मनिर्भर उद्यमी/व्यवसायी बनाउने यस कार्यक्रमको उद्देश्य रहेको छ ।यसका लागि सर्वप्रथम लक्षित महिलाको छनोट गरी समूहगत रुपमा निःशुल्क उद्यम सम्बन्धी सीप विकास तालिम प्रदान गरिनेछ। तालिमको समाप्ती पश्चात प्रत्येक समूहले स्थानीय तहमा समूह वा सहकारी दर्ता गरी सो समूह वा सहकारीले पेश गरेको व्यवसायिक प्रस्तावको आधारमा आर्थिक अनुदान प्रदान गरी समूहगत रुपमा नै उद्यमशिलता प्रवर्द्धन गरिनेछ।

४. <u>कार्यक्रम सञ्चालन हुने स्थान, तालिमको प्रकार र लक्षित समुह</u>

१) कोशी प्रदेशका अनुसूची-१ बमोजिमका स्थानीय तहका आर्थिक रुपले विपन्न तथा असहाय एकल महिलाको सहभागीतामा समूह वा सहकारी बनाई कार्यक्रम सञ्चालन गरिने छ।

२) तालिमको प्रकार सम्बन्धित स्थानीय तहले स्थानीय आवश्यकता अनुसार निर्धारण गरे बमोजिम हुनेछ।



सचिव

५. तालिमको अवधि

यस मार्गदर्शन बमोजिम सञ्चालन गरिने सीप विकास तालिम महिला समूहको चाहना र आवश्यकता बमोजिमका कम्तिमा ७ दिन देखि ३९० घण्टा सम्मको हुनेछ।

६. तालिम सञ्चालन प्रकृया

यस मार्गदर्शन बमोजिमको तालिम कार्यक्रम सञ्चालन गर्न चालु आ.व. २०८०/८१ मा सामाजिकविकास मन्त्रालयबाट शसर्त अनुदानको रूपमा सम्बन्धित स्थानीय तहमा निकासा गरिनेछ। यसरी निकासा गरिएको रकमबाट स्थानीय तहले तालिम सञ्चालन गर्नुपर्नेछ। तालिम पश्चात गठन गरिएको महिला समूह वा सहकारीलाई यस मार्गदर्शनमा उल्लेख गरिए बमोजिम पेश गरिएको व्यवसायिक प्रस्तावका आधारमा उद्यम/व्यवसाय सञ्चालन गर्न सामाजिक विकास मन्त्रालय र सम्बन्धित स्थानीय तहले सहयोग गर्ने छन् ।

७. तालिम प्रदायक संस्थाको छनोट

यस मार्गदर्शन बमोजिमको तालिम सञ्चालन गर्ने प्रयोजनका लागि आवश्यकता अनुसार तालिम प्रदायक संस्थाहरुको छनोट सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नेछ।

८. सहभागी छनोट विधि

तालिममा सहभागी हुने एकल महिलाहरुको छनोट कार्यक्रम सञ्चालन गरिने स्थानको सम्वन्धित स्थानीय तहले समावेशी रुपमा सहभागीता हुने गरीगर्नेछ। यस प्रयोजनका लागि सम्बन्धित स्थानीयतहले सरोकारवाला संस्थासँग समेत समन्वय गर्न सक्नेछ ।

९. सहभागी छनोटका आधारहरु

१) तालिमको एउटा समूहमा कार्यक्रम सञ्चालन हुने स्थानीय तहले छनोट गरेका २५(पच्चिस) जना एकल महिलाहरुको सहभागीता हुनेछ।

२) तालिमका लागि एकल महिला सहभागी छनोट गर्ने सम्बन्धित स्थानीय तहले देहायको आधारमा सहभागीको छनोट गर्नेछः-

क) उमेर (२० देखी ५९ वर्षसम्म),

ख) उद्यम व्यवसाय प्रतिको अभिरुची,

ग) पूँजीमा लगानी गर्ने क्षमता ।

३) तालिमको एउटा समूहमा कूल पच्चिस जना एकल महिलाहरुको सहभागीता हुने भएता पनि सो भन्दा बढि संख्यामा एकल महिलाहरुको निवेदन पर्न आएमा देहाय बमोजिम प्राथमिकताको क्रम कायम गरी सहभागी छनोट गर्नु पर्नेछः-

क) एउटा परिवारबाट एक भन्दा बढि सदस्यलाई छनोट नगरिने,

सचिव

ख) आर्थिक, लैंगिक, जातीय, वर्गीय र भौगोलिक रुपले सीमान्तीकृत तथा द्वन्द र हिंसापीडित बहुविपन्न एकल महिला,

ग) परिवारको अन्य आय आर्जनको स्रोत र गरीबीको अवस्था हेरी स्थानीय तहले छानेका एकल महिला।

१०. <u>समूह वा सहकारी दर्ता गर्नुपर्ने</u>

१) तालिमको समाप्ति पश्चात सहभागी एकल महिलाहरुले संयुक्त रुपमा सम्बन्धित स्थानीय तहमा उद्देश्य र कारण खुलाई एकल महिला समूह वा सहकारी दर्ता गर्नुपर्नेछ।

२) उपदफा (१) बमोजिमको समूह वा सहकारीमा तालिममा सहभागी भएका पच्चिस एकल महिलाहरुसँगै तालिममा सहभागी नभएका अन्य एकल महिलाहरु पनि सदस्य बन्न सक्नेछन्।

११. <u>व्यवसायिक प्रस्ताव पेश गर्नुपर्ने</u>

१) स्थानीय तहमा दर्ता भएको यस मार्गदर्शन बमोजिमको तालिम प्राप्त गरेको एकल महिला समूह वा सहकारीले देहायको कागजातहरु संलग्न गरी तालिम लिएको बिषय सम्बद्ध व्यवसायिक प्रस्ताव सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नुपर्नेछः-

क) स्थानीय तहमा दर्ता भएको दर्ता प्रमाणपत्र,

ख) अनुसूची-२ को ढाँचा बमोजिमको विस्तृत विवरण सहितको व्यवसायिक प्रस्ताव।

२) समूह वा सहकारीले उपदफा (१) बमोजिमको व्यवसायिक प्रस्ताव पेश गर्दा सम्बन्धित स्थानीय तहको कुनै एउटा वडालाई मात्र आधार मानी कार्यक्षेत्र निर्धारण गर्नुपर्नेछ।

३) यसरी पेश गरिने व्यवसायिक प्रस्तावमा सामान्यतयाः देहायका कुराहरु खुलाउनुपर्नेछः-

क) समूह वा सहकारीको नाम, सदस्यहरुको नाम, ठेगाना, उमेर, शैक्षिक स्तर, व्यवसायिक अनुभव लगायतका कुराहरु समेटिएको संक्षिप्त विवरण,

ख) व्यवसायको नाम, उद्देश्य, सञ्चालन गरिने स्थान,

ग) लागत, लगानी स्रोत र अपेक्षित प्रतिफल,

घ) प्रमुख क्रियाकलाप,

ङ) कार्यान्वयनमा आवश्यक अनुमानित जनशक्ति,

च) भावि योजना,

छ) अन्य आवश्यक कुराहरु।

१२. <u>प्रस्तावको स्वीकृति र लागत सहभागीता</u>

१) दफा ११ बमोजिम पेश भएको व्यवसायिक प्रस्तावको औचित्यपूर्ण जाँचबुझका आधारमा सम्बन्धित स्थानीय तहले स्वीकृत गर्नेछ।

३

२) स्वीकृत भएको व्यवसायिक प्रस्ताव कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालय, कार्यक्रम सञ्चालन हुने स्थानीय तह र सहभागी एकल महिलाहरुको समूहगत रुपमा प्रति समूह वा सहकारी देहाय बमोजिमको संयुक्त लागत सहभागीता रहनेछः-

क) सामाजिक विकास मन्त्रालय-रु. ७,००,०००।– (सात लाख रुपैया): यस मध्ये तालिम सञ्चालनको लागि रु. १,८०,०००।-, कार्यक्रम अनुगमनको लागि रु.२०,०००।-, र उद्यमशिलता व्यवसाय अनुदानका लागि बिउपूँजीबापत रु. ५,००,०००।-,

ख) सम्बन्धित स्थानीय तह –सामाजिक विकास मन्त्रालयले प्रदान गर्ने बिउपूँजी रकमको न्यूनतम पचास प्रतिशतले हुन आउने रकम रू. २,५०,०००।-

ग) सहभागी एकल महिला समूह वा सहकारी– सामाजिक विकास मन्त्रालयले प्रदान गर्ने बिउपूँजी रकमको न्यूनतम पचास प्रतिशत रकम (समूहका प्रतिसदस्य रू. १०,००० का दरले हुन आउने रकम रू.२,५०,०००।-)

घ) बिउपूँजीबापत तीनै पक्षको सहभागिता रहेको एकल महिला समूहको खातामा जम्मा हुने रकम रू. १०,००,०००।-

१३. भुक्तानी प्रक्रिया

१) एकल महिला समूह वा सहकारीले पेश गरेको व्यवसायिक प्रस्तावको सम्बन्धित स्थानीय तहबाट स्वीकृति भए पश्चात एकल महिला समूहले दफा १२(२)(ग) बमोजिमको रकम बैंक खातामा जम्मा गर्नुपर्नेछ।

२) उपदफा (१) बमोजिम एकल महिला समूह वा सहकारीले रकम बैंक खातामा जम्मा गरिसकेपछि सो को भौचरका आधारमा सम्बन्धित स्थानीय तहले समूह वा सहकारीलाई व्यवसाय सञ्चालन गर्नको लागि दफा १२(२)(ख) बमोजिमको रकम तथा मन्त्रालयबाट स्थानीय तहमा पठाइएको बिउपूँजीबापतको दफा १२(२)(क) बमोजिमको सशर्त अनुदान रकम एकमुष्ट रूपमा उपलब्ध गराउनु पर्नेछ।

३) उपदफा (२) बमोजिमरकम हस्तान्तरण गर्दा अनुसूची-३ बमोजिमको ढाँचामा एकल महिला समूह वा सहकारीले सम्बन्धित स्थानीय तहसँग सम्झौता गर्नुपर्नेछ।

१४. खाता सञ्चालन विधि

स्वीकृत भएको व्यवसायिक प्रस्ताव कार्यान्वयन गर्नको लागि सामाजिक विकास मन्त्रालय, सम्बन्धित स्थानीय तह तथा सहभागी एकल महिलाबाट प्राप्त रकमलाई सम्बन्धित एकल महिला समूह वा सहकारीले एकीकृत गरी बैंकमा समूह वा सहकारीको नाममा खाता खोली सञ्चालन गर्नुपर्नेछ। यसरी खोलिएको खाता सञ्चालन समूह वा सहकारीको प्रमुख तथा कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ।



सचिव

१५. <u>लेखा परीक्षण सम्बन्धी व्यवस्था</u>

१) सामाजिक विकास मन्त्रालयबाट दफा १२ बमोजिमको बिउपूँजी बापतको सशर्त अनुदानमार्फत स्थानीय तहलाई उपलब्ध गराइएको रकमको लेखा परीक्षण सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ ।

२) महिला समूह वा सहकारीले प्रचलित कानून बमोजिम बर्षभरीको आर्थिक कारोबारको लेखा परीक्षण गराई लेखा परीक्षण सकिएको दुई महिनाभित्रमा सो को प्रतिवेदन सम्बन्धित स्थानीय तह र सामाजिक विकास मन्त्रालयलाई उपलब्ध गराउनुपर्नेछ ।

१६. <u>अनुगमन तथा सहजीकरण समितिको गठन र काम, कर्तव्य तथा अधिकार</u>

१) कार्यक्रम सञ्चालन भएको स्थानीय तहमा उक्त कार्यक्रमको सञ्चालनमा सहयोग, समन्वय तथा अनुगमन समेत गर्नका लागि देहाय बमोजिमको एक अनुगमन तथा सहजीकरण समितिको गठन गरिनेछः-

क) स्थानीय तहका उपप्रमुख/उपाध्यक्ष -संयोजक

ख) स्थानीय तहका रोजगार संयोजक -सदस्य

ग) स्थानीय तहमा रहेका एकल महिला सम्बद्ध संघसंस्था वा एकल महिलाका प्रतिनिधी -सदस्य

घ) स्थानीय तहका महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य-सचिव

२) कार्यक्रम सञ्चालन भएको स्थानीय तहका प्रमुख दफा (१) बमोजिमको समितिको संरक्षक हुनेछ।

३) अनुगमन तथा सहजीकरण समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

क) सञ्चालित कार्यक्रमको अनुगमन, सहयोग, समन्वय र सहजीकरण गर्ने।

ख) कार्यक्रम सम्पन्न भए पश्चात एकल महिलाहरुको रोजगार तथा स्वरोजगार भए नभएको जानकारी लिई अभिलेख राखे।

ग) व्यवसाय सञ्चालन गर्न समूहमा उपलब्ध गराएको रकमको सहि प्रयोग भए/नभएको अनुगमन गर्ने।

१७. <u>अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन</u>

१) कार्यक्रमको प्रभावकारिताका लागि सामाजिक विकास मन्त्रालय, सम्बन्धित स्थानीय तह तथा एकल महिलासँग सरोकारवाला संस्थाबाट अनुगमन गरिनेछ।

२) तालिम सञ्चालन गर्ने संस्थाले तालिमको समाप्ती पश्चात सम्झौता बमोजिम भए गरेका कार्यहरुको समष्टिगत प्रतिवेदन सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नुपर्नेछ।

३) समूह वा सहकारीले सम्झौता बमोजिम भएगरेका कार्यहरुको समष्टिगत प्रतिवेदन दफा १५(२) बमोजिमको प्रतिवेदनसाथ संलग्न गरी सामाजिक विकास मन्त्रालय तथा सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नुपर्नेछ। यसरी पेश गरिने प्रतिवेदनको ढाँचा अनुसूची-४ बमोजिम हुनेछ।

४) कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा सहजीकरण समितिले गरेको अनुगमनका आधारमा सो समितिका सदस्य-सचिवले स्थानीय तहमार्फत अर्धवार्षिक रुपमा सामाजिक विकास मन्त्रालय समक्ष अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ।

५) अनुगमन तथा मूल्यांकनका क्रममा यस कार्यविधि बमोजिम प्रदान गरिएको रकमको उद्देश्यमूलक ढंगले उपयोग नगरिएको तथा रकमको अन्य प्रयोजनमा प्रयोग गरिएको पाइएमा प्रचलित कानून बमोजिम कारवाहि हुनेछ।

१८. अनुदान रकमको हस्तान्तरण गर्नुपर्ने

यस मार्गदर्शन बमोजिम एकल महिला समूह वा सहकारीले सामाजिक विकास मन्त्रालय तथा पालिकाबाट प्राप्त एकमुष्ट .बिउपूँजी अनुदान रकमको न्यूनतम पचास प्रतिशतले हुन आउने रकम रू. ३,७५,०००।– (तीन लाख पचहत्तर हजार रूपैयाँ) व्यवसाय सुरु गरेको तीन वर्षको समाप्ती पश्चात स्थानीय तहको रोहवरमा अर्को वडामा रहेका एकल महिलाहरूको समूहलाई उद्यम व्यवसाय सञ्चालन गर्न बिउपूँजीको लागि अनुदानका रूपमा उपलब्ध गराउनुपर्नेछ।

१९. उद्यमशिलता विकास तथा वित्तीय पहुँच

कार्यक्रममा संलग्न एकल महिला समूह वा सहकारीहरुले सञ्चालन गरेको उद्यम व्यवसायको विकास, प्रोत्साहन तथा विस्तारका लागि आगामी आर्थिक वर्षहरुको कार्यक्रममा उद्यमशिलता विकास र वित्तीय पहुँचका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

सचिव

अनुसूची-१
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

एकल महिला उधमशिलता विकास कार्यक्रम सञ्चालन हुने कोशी प्रदेशका स्थानीय तहहरु

| क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १. | ताप्लेजुङ्ग | फुङलिङ नगरपालिका |
| २. | पाँचथर | फाल्गुनन्द गाउँपालिका |
| ३. | इलाम | सूर्योदय नगरपालिका |
| ४. | झापा | बुद्वशान्ति गाउँपालिका |
| ५. | संखुवासभा | धर्मदेवीनगरपालिका |
| ६. | भोजपुर | भोजपुर नगरपालिका |
| ७. | तेह्रथुम | म्याङ्लुङ नगरपालिका |
| ८. | धनकुटा | धनकुटा नगरपालिका |
| ९. | मोरङ्ग | बेलबारी नगरपालिका |
| १०. | सुनसरी | बर्जु गाउँपालिका |
| ११. | सोलुखुम्बु | थुलुङ्ग दुधकोशीगाउँपालिका |
| १२. | खोटाङ | दिप्रुङ्ग चुईचुम्मा गाउँपालिका |
| १३. | ओखलढुंगा | मोलुङ गाउँपालिका |
| १४. | उदयपुर | चौदण्डीगढी नगरपालिका |

सचिव

अनुसूची-२

(दफा ११ को उपदफा (१) को खण्ड (ख) सँग सम्वन्धित)

<u>व्यवसायिक प्रस्तावको ढाँचा</u>

............ उद्यम/व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा

श्री........गाउँ/नगर/उपमहानगर पालिका समक्ष

पेश गरिएको

.........सम्बन्धी उद्यम/व्यवसायको

व्यवसायिक प्रस्ताव

<u>प्रस्ताव पेश गर्ने</u>

....... महिला समूह वा सहकारी संस्था

..............

............

१. समूह वा सहकारीको नाम तथा ठेगाना:

२. सदस्यहरूको सामान्य परिचय:

| सि.नं. | नामथर | ठेगाना | उमेर | शैक्षिक योग्यता | हालको पेशा | यसअघि गरेको कुनै व्यवसायिक कामको अनुभव भए उल्लेख गर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. व्यवसायको नाम:

४. व्यवसायको उद्देश्य:

५. व्यवसाय सञ्चालन गरिने स्थान: (एकल वा उपसमूह बनाई व्यवसाय गरेमा प्रत्येकको स्थान उल्लेख गर्ने)

६. व्यवसायको अनुमानित लागत:

७. व्यवसायमा गरिने लगानीको श्रोत:

क. स्थानीय तहबाट अपेक्षा गरिएको रकम:

ख. सदस्यहरूबाट संकलित रकम:

८. व्यवसाय सञ्चालनका क्रममा गरिने प्रमुख क्रियाकलाप: (व्यवसायमा गरिने मुख्य-मुख्य कार्यहरू उल्लेख गर्ने। जस्तै: बाखापालन व्यवसायको लागि बाखाको खोर निर्माण, बाखाको जातको छनोट र खरिद, बाखालाई खुवाइने खानाको श्रोत व्यवस्थापन सम्बन्धी कार्य, हेरचाह सम्बन्धी तरिका आदि)

९. अपेक्षित प्रतिफल: (वार्षिक रूपमा के कति मूनाफा आर्जन गर्न सकिन्छ तथा सो मूनाफाबाट के कति समयभित्रमा लगानी उठाउन सकिन्छ आदि उल्लेख गर्ने)

१०. कार्यान्वयनमा आवश्यक पर्ने अनुमानित जनशक्ति: (आवधिक र पूर्णकालीन रूपमा रोजगारी प्राप्त गर्नसक्ने आवश्यक कर्मचारी वा जनशक्तिको संख्या उल्लेख गर्ने, जसमा एकल वा उपसमूह बनाई व्यवसाय गरेमा प्रत्येकको लागि आवश्यक पर्ने अनुमानित जनशक्ति उल्लेख गर्ने)

११. भावि योजना: (भविश्यमा गरिने अन्य कुनै व्यवसायिक योजना भए सो समेत उल्लेख गर्ने)

१२. अन्य कुराहरू: (अन्य कुराहरू भए उल्लेख गर्ने)

सचिव

अनुसूची-३

(दफा १३ को उपदफा (४) सँग सम्बन्धित)

सम्झौताको ढाँचा

.................. पालिकार .........एकल महिला समूह/सहकारी संस्था.......बीच.....उद्यम/व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा भएको

सम्झौता-पत्र

आज मिति ....... गतेका दिन .........मा श्री........................गा.पा/न.पा/उ.न.पा/म.न.पा(यसपछि "पालिका" भनिएको) र .....एकल महिला समूह/सहकारी संस्था (यसपछि "समूह" भनिएको) बीच सामाजिक विकास मन्त्रालयबाट स्वीकृत गरिएको एकल महिला उद्यमशिलता विकास कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०८० (यसपछि "मार्गदर्शन" भनिएको) बमोजिम तपशिलका शर्तहरुको अधिनमा रही .....जिल्लाको......पालिकाको वडा नं. ... मा ............उद्यम/व्यवसाय सञ्चालन गर्न मन्जुर भई यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझिलियौं/दियौं ।

सम्झौताका शर्तहरू

१. समूहले मार्गदर्शन बमोजिम ....पालिका, वडा नं. ...लाई मुख्य कार्यक्षेत्र बनाई ..... सम्बन्धी उद्यम/व्यवसाय सञ्चालन गर्नेछ।

२. उल्लिखित बमोजिमको व्यवसाय सञ्चालन गर्न समूहलाई स्थानी तहले सामाजिक विकास मन्त्रालयबाट बिउपूँजीबापतको लागि प्राप्त सशर्त अनुदान रु. ५,००,०००।- (पाँच लाख रूपैयाँ) तथा पालिकाबाट समेत रु. २,५०,०००।- (दुईलाख पचास हजार रूपैयाँ) मा नघट्ने गरी रकम थप गरी रू. ७,५०,०००(सात लाख पचास हजार रूपैयाँ) रकम उपलब्ध गराउनेछ । यसरी सामाजिक विकास मन्त्रालय, स्थानीय तहबाट प्राप्त भएको रकम तथा समूहका सदस्यहरू आफैले प्रतिसदस्य रु. १०,०००( दश हजार) का दरले जम्मा गरेको रकम रु.२,५०,०००(दुई लाख पचास हजार) समेत एकीकृत गरी रु. १०,००,०००(दश लाख) बैंकमा रहेको समूहको खातामा समूहले जम्मा गर्नेछ ।

३. मार्गदर्शन बमोजिम समूहले पेश गरेको व्यवसायिक प्रस्ताव बमोजिमको क्रियाकलाप तथा खर्चको विवरण अनुसार खर्च गर्ने व्यवस्था समूहले गर्नेछ ।

४. समूहले सञ्चालन गरेको उद्यम/व्यवसाय प्रत्यक्ष रुपमा पालिकाको अनुगमनमा सञ्चालन हुनेछ।

५. व्यवसाय सञ्चालन गर्नका लागि सामूहिक वा आवश्यकता अनुसार एकल वा उपसमूह बनाई सञ्चालन गर्ने सम्बन्धमा पालिकासँग समन्वय गरी समूहको निर्णयानुसार गर्नुपर्नेछ। समूहले उक्त निर्णयको प्रतिलिपी पालिकामा पठाउनेछ।

सचिव

६. समूहले आफ्नो खातामा जम्मा भएको रकमको कोषबाट उद्यम/व्यवसायसँग सम्बन्धित घरभाडा/जग्गाभाडामा बढिमा ६ महिनासम्म मात्र शतप्रतिशतले खर्च गरी त्यसपछि आफ्नो आम्दानीबाट सो बापतको खर्च व्यहोर्नेछ ।

७. समूहले मन्त्रालय तथा पालिकाबाट प्राप्त कुल अनुदान रकमको न्यूनतम पचास प्रतिशतका दरले हुनआउने रकम रू. ३,७५,०००।– (तीन लाख पचहत्तर हजार रूपैयाँ) उद्यम/व्यवसाय सञ्चालन गरेको तीन वर्षको समाप्ति पश्चात पालिकाले अर्को वडामा स्थापना गरेको नयाँ एकल महिला समूहलाई उक्त समूहले सञ्चालन गर्ने उद्यम/व्यवसायको बिउपूँजी स्थापनाका लागि अनुदान प्रदान गर्नेछ।

८. समूहका सदस्यहरुले प्रतिमहिना प्रतिव्यक्ति रू. १००।- व्यवसायसँग सम्बन्धित भैपरी आउने खर्च तथा मर्मत सम्भारका लागि जम्मा गर्नेछन् ।

९. समूहले व्यवसायवाट आर्जन गरेको नाफाको १० प्रतिशत रकम समूहकै हितकोषमा जम्मा गर्नु पर्नेछ हितकोष परिचालनको कार्यविधि समूह स्वयंले निर्माण गरी प्रयोग गर्नुपर्नेछ ।समूहले यसको जानकारी मन्त्रालय र पालिकालाई समेत दिनेछ।

१०. समूहले सञ्चालन गरेको उद्यम व्यवसायलाई मन्त्रालय र स्थानीय तहबाट नियमित अनुगमन गरिनेछ अनुगमनका क्रममा समूहले मार्गदर्शन तथा सम्झौता बमोजिम उद्यम/व्यवसाय सञ्चालन नगरेको पाइएमा तथा उद्देश्यमूलक ढंगले रकमको प्रयोग गरेको नपाइएमा व्यवसायको दर्ता खारेज गर्न सिफारिस गरी उक्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११. प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र सम्पूर्ण आर्थिक कारोवारको लेखापरीक्षण गरी सो को प्रतिवेदन साथ मार्गदर्शनको अनुसूची-४ बमोजिमको प्रतिवेदन समूहले मन्त्रालय तथा पालिकालाई उपलब्ध गराउनेछ।

१२. यो सम्झौताको अवधि दुबै पक्षले सम्झौता पत्रमा हस्ताक्षर गरेको मितिबाट प्रारम्भ भई कायम रहनेछ ।

१३. यो सम्झौतामा लेखिएका कुरा यसै बमोजिम तथा अन्य कुराहरू मार्गदर्शन तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

यो कार्यक्रम सञ्चालन गर्नका लागि हामी दुवै पक्ष सहमत छौं र यस सम्झौतामा लेखिएका सर्तहरूको पालना दुबैपक्षबाट जिम्मेवारीपूर्वक गर्नेछौं भनी सहिछाप गर्ने,

<u>समूहको तर्फबाट</u>

नामथर

पद

हस्ताक्षर

मिति

<u>पालिकाको तर्फबाट</u>

नामथर

पद

हस्ताक्षर

मिति

अनुसूची-४

(दफा १६ को उपदफा (३) सँग सम्बन्धित)

प्रतिवेदनको ढाँचा

......एकल महिला समूह/सहकारी संस्था, ......ले सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशद्वारा जारी गरिएको एकल महिला उद्यमशिलता विकास कार्यक्रम (सञ्चालन) मार्गदर्शन, २०८० बमोजिम .......उद्यम/व्यवसाय सञ्चालन सम्बन्धमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय/....पालिका समक्ष पेश गरेको

प्रतिवेदन

१. समूह वा सहकारीको नाम तथा ठेगाना:.....................

२. सदस्यहरूको सामान्य परिचय:

| सि.नं. | नामथर | ठेगाना | उमेर | शैक्षिक योग्यता | यस अघि गरेको कुनै व्यवसायिक कामको अनुभव भए उल्लेख गर्ने |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

३. उद्यम/व्यवसायको नाम:

४. उद्यम/व्यवसायको उद्देश्य:

५. उद्यम/व्यवसाय सञ्चालन गरिएको स्थान:(एकल वा उपसमूह बनाई व्यवसाय गरेमा प्रत्येकको स्थान उल्लेख गर्ने)

६. उद्यम/व्यवसायको लागत:

७. उद्यम/व्यवसायको हालको चल अचल सम्पत्तिको अवस्था: (सबै चलअचल सम्पत्तिको विवरण उल्लेख गर्ने)

८. उद्यम/व्यवसायमा प्रयोग गरिएको जग्गाको क्षेत्रफल:(एकल वा उपसमूह बनाई व्यवसाय गरेमा प्रत्येकको क्षेत्रफल उल्लेख गर्ने)

९. उद्यम/व्यवसायमा प्रयोग गरिएको भवन सम्बन्धमा(एकल वा उपसमूह बनाई व्यवसाय गरेमा प्रत्येकको उल्लेख गर्ने) : क) आफ्नै (आफ्नै भए प्रासिको श्रोत उल्लेख गर्ने), ख) भाडामा (भाडामा भए भाडाको दररेट प्रतिमहिना उल्लेख गर्ने)

१०. उद्यम/व्यवसायमा गरिएको लगानीको श्रोत:

क. सामाजिक विकास मन्त्रालयबाट प्राप्त रकम:

ख. स्थानीय तहबाट प्राप्त रकम:

सचिव

ग. सदस्यहरूबाट संकलित रकम:

घ. अन्य श्रोतबाट प्राप्त रकम (भएमा श्रोत समेत खुलाउने):

११. उद्यम/व्यवसाय सञ्चालनका क्रममा गरिएका क्रियाकलापमा भएको खर्चहरू: (व्यवसायमा गरिने मुख्यमुख्य कार्यहरूमा भएका खर्चहरू क्रमैसँग उल्लेख गर्ने। जस्तै: बाखापालन व्यवसायको लागि बाखाको खोर निर्माण, बाखाको खरिद, बाखालाई खुवाइने खानामा हुने खर्च, हेरचाहमा खटिने कर्मचारीको खर्च तथा अन्य प्रशासनिक खर्चहरू आदि)

१२. कुल नाफा/नोक्सान:

१३. जनशक्ति: (आवधिक र पूर्णकालिन रूपमा रोजगारीमा रहेका कर्मचारी वा जनशक्तिको पद र संख्या उल्लेख गर्ने)

१४. भावि योजना: (भविष्यमा गरिने अन्य कुनै व्यवसायिक योजना भए सो समेत उल्लेख गर्ने)

१५. अन्य कुराहरू: (अन्य कुराहरू भए उल्लेख गर्ने)

प्रतिवेदक

........एकल महिला समूह/सहकारी संस्थाको

तर्फबाट अध्यक्ष ..............................

हस्ताक्षर:

मिति

सचिव